चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधवकुमार के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

निर्णय नं. : ०८

**निवेदक/वादीको नाम, थर, ठेगाना**

कुलमान पोखेलको छोरा जि.धादिङ्ग गल्छी गाउँ पालिका वडा नं. ४ बस्ने वर्ष ५५ को सुब्बा पोखेल...............................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

जिल्ला काठमाडौं चन्द्रागिरि नगरपालिका वडा नं. ५ बस्ने बलराम बराकोटीको पत्नि शान्ती रिमाल..............................................१

जिल्ला काठमाडौं चन्द्रागिरि नगरपालिका वडा नं. ५ बस्ने बलराम बराकोटी..................१

जिल्ला काठमाडौं चन्द्रागिरि नगरपालिका वडा नं. ५ बस्ने उपेन्द्रकान्त बराकोटी .............१

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ........१

ख) फैसलाको प्रतिलिपी ..........................१

ग) रोक्का जग्गा फुकुवा गरिदिने पत्रको प्रतिलिपी .......................................१

घ) नक्शा नामसारी प्रमाणपत्रको प्रतिलिपी .१

ङ) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ........१

च) घरजग्गा कर तिरेको रसिदको प्रतिलिपी.१

ज) वकालतनामा....................................२

**कागज प्रमाण**

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू**

क) दे.नं. ०७६-cp-२४२९ डिसमिस फैसलाको प्रमाणित प्रतिलिपी ..............................१

**मुद्दा : बहाल दिलाई घरबाट निस्कासन गरी पाउँ।**

**मु नं. : ३६**

**दर्ता मिति : २०७८/०९/१४**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. उपरोक्त विषयमा बलराम बराकोटी तथा निजको पत्नि शान्ति रिमालले सेन्ट्रल फाइनान्सबाट लिएको कर्जा नतिरेको हुँदा प्रचलित वित्तिय कानुन अनुसार वित्तिय संस्थाले आफ्नो कर्जा असुल उपर गर्न निकाले लिलामीको सूचना अनुसार लिलामी कार्यवाहीमा सहभागी भई यसै नगरपालिकाका कर्मचारी समेतका रोहवरमा लिलाम सकार गरि मालपोत कार्यालयबाट मेरो नाममा दाखेल खारेज भई घर जग्गाधनि दर्ता प्रमाणपत्र प्राप्त भई मेरो एकलौटी हक अधिकार स्थापित भएको का.जि. थानकोट महादेवस्थान वडा नं. ९(ग) कि.नं. ३३० क्षेत्रफल ०-०-३-१, ऐ.कि.नं. ३३४ क्षेत्रफल ०-३-१-२ जग्गा र सो जग्गामा बनेको घरको तल्लाको ९ कोठामा विपक्ष मेरो हक अधिकार स्थापित भएको मिति २०७६/०६/०५ भन्दा अगावै देखि बसेको भएतापनि मेरो हक अधिकार स्थापित भएको सोही मिति २०७६/०६/०५ देखि प्रति कोठा प्रति महिना रु. ३०००/- अक्षरेपी तीनहजारका दरले नौ वटा कोठाको प्रति महिना रु. २७,०००/- अक्षरेपी रुपैया सत्ताइस हजारका दरले हालसम्म२७ महिनाको रु. ७,२९,०००/- अक्षरेपी सात लाख उनान्तिस हजार बहाल दिनु होस् भनि अनुरोध गरेकोमा म तलाई चिन्दिन यो तेरो घर जग्गा होइन मेरो घर हो मैले तलाई बहाल दिनुपर्ने होइन भनि उल्टै गाली गलौज गरि बहाल नदिएको हुँदा निजलाई झिकाई निजले घर खाली नगरेसम्मको बहाल हिसाव गराई तहाँ नगरपालिकालाई बहाल कर वापत तिर्नुपर्ने बहाल कर कटाई बाँकी रकम दिलाई पाउँ। साथै निजलाई सो घरबाट निष्काशन समेत गरि पाउँ।

२. अतः यसै बिचमा मिति २०७८/०८/२१ को काठमाडौं जिल्ला अदालतको फैसलाले सो रहेको रोक्का फुकुवा समेत भएको हुँदा पुनः सोही व्यहोराको यो निवेदन दिन आएको छु। निजले घर खाली नगरेसम्मको वहाल हिसाव गराई तहाँ नगरपालिकालाई बहाल कर वापत तिर्नुपर्ने बहाल कर कटाई बाँकी रकम दिलाई निजलाई सो घरबाट निष्काशन समेत गरिपाउँ भन्ने मागदावि रहेको छ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

निज प्रतिवादीले मिति २०७८/१०/०२ मा स्वयम् आफ्नो नाउँको म्याद कानुन शाखामा उपस्थित भई बुझेको देखिन्छ भने निजको श्रीमान् र ससुराको हकमा समेत बुझिलिएको देखिन्छ यसरी हेर्दा ७ (सात) दिने म्याद बुझि कानुनी प्रक्रियामा नै नआई प्रतिउत्तर दर्ता गर्ने म्याद थमाउने समय गुजारी बसेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

श्री काठमाडौं जिल्ला अदालतबाट दे.नं. ०७६-CP-२४२९ मुद्दामा डिसमिस फैसला समेत भएको देखिन्छ भने वादीले वार्षीक रुपमा घर जग्गाको तिरो समेत तिरेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

पक्षको कानुन व्यवसायी विद्वान अधिवक्ता कृष्ण प्रसाद भण्डारी र सानुमैया महर्जन द्वारा वादी सुब्बा पोखेलको घर कोठाबाट मासिक रुपमा प्राप्त हुने घरभाडा एकमुष्ट रुपमा असुल उपर गरी घर कोठा खालि गराई पाउँ भन्ने बहस राख्नु भयो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

बैंक तथा वित्तिय संस्थाबाट तेस्रो पक्षले लिलाम सकार गरीएको घरबाट घरभाडा असुल उपर गरी घर कोठा खालि गराउने ।

## निर्णय खण्ड

प्रस्तुत विवादको सम्बन्धमा नियमित पेशी सूचीमा चढि तथ्य र प्रमाणलाई हेरी निर्णय तर्फ विचार गर्दा लिलाम सकार गरिएको यस मुद्दामा बहाल दिलाई घरबाट निस्कासन गरी पाउँ भनी उजुरी माग दावी बमोजिम निज प्रतिवादीले मिति २०७८/१०/०२ मा स्वयम् आफ्नो नाउँको म्याद कानुन शाखामा उपस्थित भई बुझेको देखिन्छ भने निजको श्रीमान् र ससुराको हकमा समेत बुझिलिएको देखिन्छ यसरी हेर्दा ७ (सात) दिने म्याद बुझि कानुनी प्रक्रियामा नै नआई प्रतिउत्तर दर्ता गर्ने म्याद थमाउने समय गुजारी प्रतिवाद नगरी बसेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रकै विवाद रहेकी हुँदा विपक्षीको नाममा जारी भएको म्याद निज आफैं काननु शाखामा उपस्थित भई निज प्रतिवादी शान्ति रिमालले पति र ससुराको समेत म्याद बुझि कुनै प्रतिवाद नगरी बसेको देखिदा वादी सुब्बा पोखेलद्वारा कानुनी प्रक्रिया पुरा गरी मिति २०७६/०६/०५ गते बैंक तथा वित्तीय संस्थाबाट तेस्रो पक्षले लिलाम सकार गरी मालपोत कार्यालय कलंकीबाट पास गरी लिएको देखिन्छ भने श्री काठमाडौं जिल्ला अदालतमा दे.नं. ०७६-CP-२४२९ धितो लिखत, लिलाम तथा दर्ता नामसारी लिखत बदर मुद्दामा डिसमिस फैसला समेत भएको हुँदा साविक जिल्ला काठमाडौं थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ९/ग को कित्ता नं. ३३० र ३३४ को

क्षेत्रफल क्रमशः ०-०-३-१ र ०-३-१-२ मा रहेको घर जग्गा वादी कै नाउँको हो भन्नेमा कुनै विवाद नरहेको देखिंदा उक्त घर जग्गाबाट विपक्षीलाई तुरुन्त हटाई दिने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

क) माथिको निर्णय खण्डमा उल्लेख भए बमोजिमका वादी सुब्बा पोखेलको घर जग्गाबाट वपक्षीलाई तुरुन्त हटाउनको लागि वडा प्रतिनिधि रोहबरमा खाली गराउनु । ................१

ख) शान्ती सुरक्षाको लागि महानगरिय प्रहरी परिसर थानकोटलाई लेखि पठाउनु । ..............२

ग) प्रतिवादीले शुरु म्यादै गुजारी बसेको हुँदा पुनरावेदनको म्याद दिनु परेन । ............... ३

घ) सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनु । .............................................४

ङ) उजुरी दर्ताको दायरी लगत कट्टा गरी निर्णयको अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ............................................................................................... ५

**न्यायिक समितिका**

संयोजक श्री लिशा नकर्मी

**सदस्य**

श्री माधवकुमार के.सी.

**सदस्य**

श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिकसहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७८ साल चैत्र महिना २४ गते रोज ५ शुभम् ..........................................